# महालक्ष्मी विकास बैंक लि.
# Mahalaxmi Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)


च.नं. ६६/०७८/०७९ मिति २०७८/१०/०२

श्री नेपाल स्टक एक्सचेञ्ज लि,
रामशाहपथ, काठमाडौं ।

बिषयः- बार्षिक साधारण सभा स्थगित गरिएको सम्वन्धमा ।

महाशय,

यस महालक्ष्मी विकास बैंक लि.को २० औं बार्षिक साधारण सभा यही मिति २०७८/०९/२५ गते आइतवारका दिन विहान ११:०० बजे आर्मी अफिसर्स क्लव, भद्रकालीमा हुने गरी तोकि मिति २०७८/०९/०४ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रीकामा र मिति २०७८/०९/०९ को कारोवार राष्ट्रिय दैनीक पत्रीकामा सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराइएकोमा उक्त दिन बैंकको बार्षिक साधारण सभा बस्न कम्पनी ऐन, २०६३ को दफा ७३तथा यस बैंकको नियमावलीको नियम (५) (१) अनुसारको गणपूरक संख्या पुग्न नसकी सभा स्थगित हुन गएकोमा उक्त स्थगित हुन गएको बिसौ बार्षिक साधारण सभा मिति २०७८/१०/०३ गते विहान १० बजे बैंकको केन्द्रीय कार्यालय, दरवारमार्ग, काठमाडौंमा अनलाईल (Virtual / Video Conference) को माध्यमबाट बस्ने भनी यस बैंकको सञ्चालक समितिको मिति २०७८/०९/२५ गते बसेको सञ्चालक समितिको ५१२ औं वैठकबाट निर्णय भए बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७८/०९/२६ को अन्नपूर्ण पोष्ट् राष्ट्रिय दैनिक पत्रीकामा सूचना प्रकाशित गरी जानकारी गराई सकिएको थियो ।

उपरोक्त सूचना बमोजिम मिति २०७८/१०/०३ को लागि पुन: बोलाईएको बिसौं बार्षिक साधारण सभाका सम्वन्धमा यस बैंकका शेयरधनी महानुभावहरु श्री गिरिराज पोखरेल तथा श्री प्रमोद श्रेष्ठले मिति २०७८/०९/२९ मा महालक्ष्मी विकास बैंक लि. समेतका विरुद्ध श्री उच्च अदालत पाटनमा दिएको उत्प्रेषण (०७८-WO-०६७५) को रिट निवेदनमा उक्त अदालतवाट विपक्षीहरुका नाममा १५ दिन भित्र लिखित जवाफ पेश गर्नु भन्ने आदेश सहित "यसमा निवेदकले अन्तरिम आदेश समेत माग गरेको सन्दर्भमा विचार गर्दा, यीनै निवेदकले यीनै विपक्षीहरु उपर यस अदालतमा दायर गरेको ०७८-WO-०६४६ नं. को निवेदनको रोहबाट निवेदनमा उल्लेखित महालक्ष्मी विकास बैंकको बार्षिक साधारण सभा र निर्वाचन सम्वन्धी बिषयमा अन्तरिम छलफल गर्नको लागि मिति २०७८/१०/०३ लाई पेशी तोकिएको स्थितिमा बैंकको वार्षिक साधारण सभा र सञ्चालक समितिको निर्वाचन कार्यक्रम अन्तरसम्वन्धित भएको हुंदा सुविधा र सन्तुलनको दृष्टिकोणबाट उक्त ०७८-WO-०६४६ को रिट निवेदनको अन्तरिम आदेश सम्वन्धी छलफलको टुङ्गो नलागेसम्मको लागि विपक्षी महालक्ष्मी विकास बैंक लि.को स्थगित भई पुन: मिति २०७८/१०/०३ मा गर्ने भनिएको साधारण सभा नगर्नु नगराउनु भनि उच्च अदालत नियमावली, २०७३ को नियम ४२ (१) बमोजिम विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरी दिएको छ" भनी सो आदेश सहितको म्याद बैंकलाई मिति २०७८/१०/०२ गते प्राप्त हुन आएकोले यस बैंकको मिति २०७८/१०/०२ गते साँझ ५:०० बजे बसेको सञ्चालक समितिको आकस्मिक बैठकबाट सम्मानीत अदालतको आदेशानुसार मिति २०७८/१०/०३ गतेको लागि पुन: बोलाईएको बिसौं बार्षिक साधारण सभा अदालतको अर्को आदेश नभइएन्जेल सम्मको लागि स्थगित गर्ने निर्णय भएको व्यहोरा निर्देशानुसार अनुरोध गर्दछौं ।

भवदीय,

(सोमराज पन्त)
कम्पनी सचिव

वोधार्थः

(क) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
(ख) श्री सिडिएस एण्ड क्लीयरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
(ग) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर,काठमाडौं ।
(घ) श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर नक्साल, काठमाडौं ।